**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# माध्यमिक तहका विद्यार्थीहरुको निमन्त्रणापत्र लेखन क्षमता

**ओमप्रकाश आचार्य,** पि.एचडी.
**उपप्राध्यापक**
**जुम्ला बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय**

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Om Prakash Acharya, omacharya3851@gmail.com
Orcid: https://orcid.org/0009-0000-4362-5156
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80172

## लेखसार

नेपालको शैक्षिक संरचना अनुरुप माध्यमिक तह विद्यालय तह हो । कक्षा ९ देखि कक्षा १२ सम्मको कक्षागत तहलाई माध्यमिक तह भनिन्छ । कक्षा १० उत्तीर्ण भएपछि एस.इ.इ. ( सेकेन्डरी एजुकेसन इग्जामाइनेसन ) को परीक्षा हुने गर्दछ । यस परीक्षामा उत्तीर्ण भएपछि कक्षा ११ मा अध्ययन गर्न पाइन्छ । यस अध्ययनमा कक्षा १० लाई केन्द्रविन्दुमा राख्दै एस.इ.इ.को परीक्षा दिन तयारी अवस्थामा रहेका विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखन क्षमता के कस्तो छ ? उनीहरुमा देखापरेका निमन्त्रणा पत्र लेखनका मूलभूत समस्याहरु के के छन् ? समस्या समाधान के कसरी गर्न सकिन्छ ?भन्ने जिज्ञासा एवम् अनुसन्धेय प्रश्नमा आधारित भई माध्यमिक तहका विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखन क्षमताको पहिचान गर्नु, लेखनमा आइपरेका समस्याहरु उल्लेख गर्नु, समस्या समाधानका उपाय सुझाउनु जस्ता उद्देश्यमा यो अध्ययन केन्द्रित रहेको छ ।स्रोत सामग्री संकलन पद्धति पुस्तकालयीय हो भने क्षेत्रगत अध्ययन विधि अवलम्बन गरिएको छ । जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाका ४ वटा सामुदायिक माध्यमिक विद्यालयका ११० जना विद्यार्थीहरु नमुनाका रुपमा रहेकाछन् । ११० जना विद्यार्थीहरुमा निमन्त्रणा पत्र लेखन क्षमताको प्रश्नावलीका सहायताबाट

परीक्षण गरी निमन्त्रणा पत्र लेखनको प्रत्येक विद्यार्थीको विश्लेषण गरी क्षमतालाई प्रतिशतमा राखिएको छ । यसले जुम्ला जिल्लाका चन्दननाथ नगरपालिकाका माध्यमिक तहका कक्षा १० का विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखन क्षमताको पहिचान, लेखन क्षमतामा देखिएका समस्या, र समाधानका लागि सुझाव पेश गरिएको छ । शिक्षण सिकाइमा केन्द्रित यस अनुसन्धानात्मक लेखले निमन्त्रणा पत्र लेखन क्षमताको अवस्था,  शिक्षण सिकाइ सिद्धान्त र प्रयोग निर्माणमा मद्दत गर्नेछ ।

**मुख्य शब्दावली :** शिक्षण, निमन्त्रणा, व्यावहारिक, परीक्षण, अनुसन्धेय ।

## अध्ययनको पृष्ठभूमि

दैनिक जिवनसँग सम्बन्धित लेखन व्यावहारिक लेखन हो । व्यवहार संचालनका लागि व्यावहारिक लेखन आवश्यक पर्दछ । मानिसका व्यावहारिक जीवनसँग सम्बन्धित लेखनलाई व्यावहारिक लेखन भनिन्छ ( ओझा, २०७५ : ३५ ) । निमन्त्रणा पत्र लेखन औपचारिक प्रकृतिको लेखन हो भने यसमा लेखनको सामान्य र स्तरीयता देखा पर्दछ । ढाँचामा आधारित लेखन जटिल प्रकृतिको हुन्छ । ढाँचाभन्दा फरक तरिकाले लेखिएको लेखन प्रभावकारी मानिदैन । भाषामा यस्ता व्यावहारिक लेखनको शिक्षण सिकाइ गरिन्छ । नेपाली भाषा नेपालको सरकारी कामकाजको , साझा सम्पर्कको भाषा हो । नेपाली भाषामा दैनिक व्यवहार गर्न सक्षम वनाउन विद्यालयदेखि विश्वविद्यालय तहसम्मका तह कक्षामा नेपाली विषयलाई अनिवार्य विषयका रुपमा पठनपाठन गरिदै आएको छ । माध्यमिक तहमा नेपाली भाषाका चार भाषिक सीप ( सुनाइ , बोलाइ , पढाइ र लेखाइ ) मा निपूर्ण बनाउन नेपाली विषयलाई अनिवार्य विषयका रुपमा पठनपाठन गरिन्छ । लेखाइ भाषाको चौथो र अन्तिम प्रदानात्मक भाषिक सीप हो । यही भाषिक सीपसँग निमन्त्रणा पत्र लेखन सम्बन्धित छ । माध्यमिक तहको एस. इ.इ. पार गर्ने अवस्थाको कक्षामा अध्ययनरत विद्यार्थीहरुमा व्यावहारिक लेखन क्षमताको निमन्त्रणा पत्र लेखनको अध्ययन गरिएको छ । एस.इ.इ. उत्तीर्ण गर्ने अवस्थामा पुग्दा समेत व्यावहारिक लेखनमा विद्यार्थीहरु अलमलिएको स्थितिमा उनीहरुको स्तर अनुरुपको व्यावहारिक लेखनमा निमन्त्रणा पत्र लेखनको दक्षता र क्षमताको यस अध्ययनमा खोजी गरिएको छ । उनीहरु लेखनमा कति सक्षम छन् ? उनीहरुमा लेखनका समस्या के के हुन् ? यस्ता लेखनगत समस्या समाधानका उपायहरु के के हुनसक्छन् ? भन्ने विषय केन्द्रित माध्यमिक तहका विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमताअन्तर्गत निमन्त्रणा पत्र लेखनको अध्ययन कार्य गरिएको छ ।

## समस्याकथन

क) माध्यमिक तहका विद्यार्थीहरुको निमन्त्रण पत्र लेखन क्षमता कस्तो छ ?

ख) निमन्त्रणा पत्र लेखनमा आइपरेका समस्याहरु के के हुन् ?

ग) देखापरेका समस्याहरुको समाधानका उपायहरु के के हुनसक्छन् ?

## अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य भनेको निमन्त्रणा पत्र लेखन क्षमताको अध्ययन गर्नु हो । अध्ययनका थप विशिष्टीकृत उद्देश्यहरु यसप्रकार छन् :

क) माध्यमिक तहका विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखन क्षमताको अध्ययन गर्नु ,

ख) निमन्त्रणा पत्र लेखन क्षमतामा आइपरेका समस्याहरु उल्लेख गर्नु ,

ग) लेखनमा आइपरेका समस्याहरुको समाधानका उपायहरु सुझाउनु ।

## अध्ययनको महत्व

व्यावहारिक लेखन क्षमता राम्रो भएमा दैनिक लिखित व्यवहारका कामकाज गर्न सजिलो हुने गर्दछ । भाषाका माध्यमबाट दैनिक व्यवहार हुने गर्दछ । नेपालको विद्यालय तहको शिक्षामा नेपाली भाषालाई नेपाली विषयका रुपमा पठनपाठन गरिदै आएको छ । भाषाका चार सीपमा निपूर्ण गराउनु यसको उद्देश्य हो । माध्यमिक तहका विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमता अन्तर्गत निमन्त्रणा पत्र लेखनको अध्ययन गरी तहगत रुपमा व्यावहारिक लेखन अन्तर्गत निमन्त्रणा पत्र लेखन क्षमता हुनुपर्ने जतिको विकास भए नभएको यस अध्ययनबाट पत्ता लाग्नेछ । उनीहरुको लेखनमा देखिएका समस्या र समाधानका लागि उपायहरु समेत सुझाउन सकिने भएकाले यस अध्ययनको औचित्य/महत्व अत्यधिक छ । भाषाका सन्दर्भमा, व्यावहारिक लेखनका सन्दर्भमा, निमन्त्रणा लेखनका सन्दर्भमा शिक्षण सिकाइका सन्दर्भमा, पाठ्क्रमका सन्दर्भमा, पाठ्पुस्तकका सन्दर्भमा यस अध्ययनको औचित्य एवम् महत्व पुष्टि हुन्छ । माध्यमिक तहका विद्यार्थीहरुको नेपाली भाषाको व्यावहारिक लेखन अन्तर्गत निमन्त्रणा पत्र लेखन क्षमतामा सीमित रहेको छ । माध्यमिक तहको कक्षा दशमा आधारित छ ।व्यावहारिक लेखनको निमन्त्रणा पत्र लेखनमा सीमित रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन

यसमा नेपाली भाषा व्याकरण, नेपाली भाषा शिक्षणसँग सम्बन्धित पूर्वकार्यको पुनरावलोकन गरिएको छ

लामिछाने ( २०५७) द्वारा नेपाली भाषा शिक्षण परिचय लेखिएको छ । यसमा भाषा शिक्षणका सन्दर्भमा नेपाली भाषा शिक्षण, विविध सन्दर्भमा नेपाली शिक्षण, पहिलो भाषा सिकाइ, दोस्रो भाषा सिकाइ, बहुभाषिकता, सुनाइ शिक्षण, बोलाइ शिक्षण, पढाइ शिक्षण, लेखाइ शिक्षण सम्बन्धी विभिन्न

कार्यकलापका सम्बन्धमा उल्लेख गरिएको छ। भाषिक सीप विकासका लागि अवलम्बन गरिने उपायका सम्बन्धमा यस पुस्तकमा समेटिएको छ। लेखन सीपका बारेमा सैद्धान्तिक आधारको जानकारी प्राप्त हुन्छ।

यादव र रेग्मी ( २०५९ ) द्वारा भाषाविज्ञान पुस्तक लेखिएको छ। यसमा भाषा, भाषाविज्ञान, भाषिक एकाइको अध्ययन ध्वनिविज्ञान, वर्णविज्ञान, रुपविज्ञान, वाक्यविज्ञान, अर्थविज्ञानको सैद्धान्तिकताका सम्बन्धमा चर्चा गरिएको छ। यो नेपाली भाषासँग सम्बन्धित भएर अध्ययन गरिएको भाषाको अध्ययनका लागि प्रयुक्त हुने सामग्री हो। यसबाट नेपाली भाषाको व्यवस्थाका सम्बन्धमा यथेष्ट जानकारी प्राप्त हुन्छ।

अधिकारी ( २०६४) द्वारा नेपाली भाषा शिक्षण लेखिएको छ। यसमा भाषा शिक्षणको सैद्धान्तिक आधारका सम्बन्धमा उल्लेख गरिएको छ। पहिलो भाषा, दोस्रो भाषा सिकाइ दोस्रो भाषा शिक्षण, नेपाली भाषा शिक्षणको आवश्यकता, दोस्रो भाषाका रुपमा नेपाली शिक्षणको आवश्यकता, बहुभाषिकता र नेपाली शिक्षणका सम्बन्धमा उल्लेख गरिएको छ। यसले नेपाली भाषा शिक्षण सिकाइका सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरु उल्लेख गरिएको छ। नेपाली भाषा शिक्षण सिकाइ गर्दा मातृभाषाले पुर्‍याउने सहजता असहजता समेत उल्लेख गरिएको छ।यसले गर्दा मातृभाषी विद्यार्थीहरुलाई नेपाली भाषा शिक्षण सिकाइ गर्दा कुन शिक्षण सामग्री, कस्तो शिक्षण विधि, कुन कुन भाषिक सीपको कार्यकलाप गराएर भाषिक क्षमता, लेखन सीप, लेखन क्षमताका सम्बन्धमा केही सैद्धान्तिक आधार थाहा पाउन मद्दत पुगोको छ।

अधिकारी ( २०६८ ) द्वारा प्रयोगात्मक नेपाली व्याकरण लेखिएको छ। यसमा नेपाली भाषाको वर्ण अक्षर, शब्द, पदावली , वाक्य, सङ्कथन व्यवस्थाका सम्बन्धमा लेखिएको छ। नेपाली भाषाका स्वरवर्णहरु, व्यञ्जनवर्ण, नेपाली अक्षरको संरचना, नेपाली वर्णविन्यास, सन्धि, शब्दवर्ग, शब्दनिर्माण, रुपायन प्रक्रिया, सङ्गति रचना, क्रिया कोटि र रचना, वाक्यान्तरण र रचना, प्रेणार्थक र रचना, कारक र विभक्ति, उक्ति परिवर्तन,वाक्यका सम्बन्धमा नेपाली भाषामा रहेको व्यवस्थाका सम्बन्धमा उल्लेख गरिएको छ।

शर्मा र पौडेल ( २०६८ ) द्वारा नेपाली भाषा शिक्षणका सन्दर्भहरु लेखिएको छ। यसमा भाषा शिक्षण, विविध सन्दर्भमा नेपाली शिक्षण, मातृभाषामा शिक्षण, भाषापाठ्यक्रम, भाषापाठ्यपुस्तकका सैद्धान्तिक तथा प्रायोगिक सन्दर्भहरुको चर्चा गरिएको छ। मातृभाषामा शिक्षणलाई स्थानीय तहमा शिक्षाको नीति तय गर्दा स्थानीय पाठ्यक्रम र स्थानीय ( मातृभाषाका ) आधारमा शिक्षा लिनसक्ने प्रावधानसँग सम्बन्धित भएर नेपालमा रहेका प्रमुख मातृभाषाको स्थितिका

सम्बन्धमा उल्लेख गर्दै मातृभाषामा शिक्षण गरिनु आवश्यक भएकोले यसको महत्व र प्रयोजन अत्यन्तै उल्लेख्य मात्रामा रहेको कुरा प्रस्तुत भएकोले मातृभाषाका सम्बन्धमा जानकारी लिन सहयोग पुगेको छ ।

**अध्ययन विधि :**

गुणात्मक र परिमाणात्मक दुवैको संयुक्त मिश्रित अनुसन्धान ढाँचामा माध्यमिक तहका विद्यार्थीको निमन्त्रणा पत्र लेखन क्षमताको अनुसन्धान गरिएको छ । परिमाणात्मक अनुसन्धान ढाँचामा शूक्ष्म सांख्यिकिको प्रयोग गरिएको छ । क्षेत्रगत अध्ययन विधि अवलम्बन गरिएको छ । माध्यमिक तहका विद्यार्थीहरुको नेपाली भाषाको व्यावहारिक लेखन अन्तर्गत निमन्त्रणा पत्र लेखन क्षमतामा सीमित रहेको छ । माध्यमिक तहको कक्षा दशमा आधारित छ । व्यावहारिक लेखनको निमन्त्रणा पत्र लेखनमा सीमित रहेको छ । जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकामा संचालित सामुदायिक माध्यमिक विद्यालयमा कक्षा दशमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु अध्ययनको जनसंख्या हुन् ।

यस अध्ययनका लागि प्राथमिक र द्वितीय तथ्याङ्कका स्रोतहरु हुन् । प्राथमिक स्रोत अन्तर्गत प्रत्यक्ष भेटघाट , प्रश्नावली रहेको छ भने द्वितीय स्रोत अन्तर्गत व्यावहारिक लेखन सम्बद्ध निमन्त्रणा पत्र लेखनका सामग्री छन् । यस अध्ययनको नमुना छनोट उद्देश्यमूलक रहेको छ । चन्दननाथ नगरपालिकामा संचालित ६ वटा माध्यमिक विद्यालय मध्ये दुरीका आधारमा जम्मा ४ वटा सामुदायिक माध्यमिक विद्यालय छनोट गरिएको छ । उक्त विद्यालयमा कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुलाई गोलाप्रथाका आधारमा छात्र/छात्राहरु मध्येबाट प्रति विद्यालय ३० जना विद्यार्थीका दरले चारवटा विद्यालयबाट जम्मा ११० जना विद्यार्थीहरु अध्ययनका लागि नमुनाका रुपमा छनोट गरिएको छ । यस अध्ययनको प्रमुख सामग्री भनेको प्रश्नावली हो । निमन्त्रणा पत्र लेखन नमुना प्रस्तुत गर्न लगाइएको छ । शिक्षकका लागि समेत निमन्त्रणा पत्र लेखनका शिक्षण, सिकाइ सन्दर्भमा आधारित भएर प्रश्नावली तयार पारिएको छ । व्याख्या विश्लेषण प्रक्रिया वर्णनात्मक र विश्लेषणात्मक छ । विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखनको संरचना , भाषिक शुद्धता ( लेखाइ सीप ) विषय अनुरुप प्रस्तुतिलाई आधार मानेर मूल्याङ्कन गरी प्रत्येक विद्यार्थीको निमन्त्रणा पत्र लेखन क्षमताको विश्लेषण गरी प्रतिशतमा नतिजा विश्लेषण गरिएको छ ।

## परिणाम तथा छलफल

यस अध्ययनको विश्लेषण निमन्त्रणा पत्र लेखनसम्बन्धी लेखनको आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति, व्याकरणिक स्तरका आधार अध्ययन गरिएको छ ।

## निमन्त्रणा पत्र लेखन क्षमता

कसैलाई कुनै अवसरमा आमन्त्रण गर्नका लागि लेखिने व्यावहारिक लेखनको एक विषय क्षेत्र निमन्त्रणा पत्र लेखन हो । लिखित रुपमा निम्ता दिनका लागि  लेखिने निमन्त्रणा पत्रको  आन्तरिक संरचना हुने गर्दछ, विषयवस्तुको प्रस्तुति र व्याकरणिक तत्वले समेत प्रभाव पार्दछ । विवाहको निमन्त्रणा पत्र लेखन क्षमता परीक्षणमा श्री कर्णाली मा. वि. जुम्लाका माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमतामा निमन्त्रणा पत्र लेखनलाई आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति, व्याकरणिक तत्वका आधारमा अध्ययन गरिएको छ ।

## आन्तरिक संरचना

निमन्त्रणा पत्र लेखनको आन्तरिक संरचनामा मिति, विषय, सम्बोधन, संरचना र शैली रहने गर्दछ । माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुलाई आफ्नो दाजुको विवाहका लागि आफन्तजनलाई दिइने निमन्त्रणाको ढाँचामा निमन्त्रणा पत्र लेख्न दिइएकोमा लेखनको आन्तरिक संरचनामा आधारित भएर रहेको लेखन क्षमता यसप्रकारको छ ।

तालिका १ निमन्त्रणा पत्र लेखनको आन्तरिक संरचनामा आधारित लेखन क्षमता विवरण

| आन्तरिक संरचनात्मक एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | २१ | ९ | ३० | ७० | |
| विषय | २३ | ७ | ३० | ७६.६६ | |
| सम्बोधन | ३ | २७ | ३० | १० | |
| संरचना | ८ | २२ | ३० | २६.६६ | |
| शैली | ८ | २२ | ३० | २६.६६ | |

स्रोत : लेखन परीक्षण

निमन्त्रणा पत्रको आन्तरिक संरचनामा हुनुपर्ने कुराहरु समेटेर लेख्न सक्ने विद्यार्थीहरु ४२ प्रतिशत मात्र रहेका छन् । कतिपयले मिति नै नलेखेका लेखे पनि माथि नै लेखेका छन् । विषय अर्थात् निमन्त्रणा भनेर उल्लेख गर्ने विद्यार्थीको संख्या कम मात्रामा छ । कसलाई निमन्त्रणा गरिएको हो सम्बोधन नगरेर लेख्ने विद्यार्थी ९० प्रतिशत रहेका छन् । विवाहको निमन्त्रणा पत्रमा हुने संरचनामा आधारित भएर लेख्ने २६.६६ प्रतिशत विद्यार्थी रहेका छन् । अन्य विद्यार्थीहरुले मनगढन्ते रुपमा लेखेका छन् । निमन्त्रणा पत्रको शैलीमा लेख्नसक्ने विद्यार्थीहरुको संख्या समेत कम रहेको छ । यसरी निमन्त्रणापत्रको आन्तरिक संरचनामा आधारित भएर लेख्नसक्ने विद्यार्थीहरु ४२ प्रतिशत छन् ।

## विषयवस्तुको प्रस्तुति

निमन्त्रणा पत्रमा विषयवस्तुको प्रस्तुति उचित रुपमा हुनुपर्दछ । सन्देश के हो, प्रस्तुति कस्तो छ, भाषा कस्तो प्रयोग भएको छ, विषयवस्तुको क्रम मिलाइएको छ कि छैन, समापन कसरी गरिएको छ भन्ने कुराले उल्लेख्य भूमिका खेलेको हुन्छ ।

तालिका २ निमन्त्रणा लेखनमा विषयवस्तुको प्रस्तुतिगत क्षमता

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | २५ | ५ | ३० | ८३.३३ | |
| प्रस्तुति | ७ | २३ | ३० | २३.३३ | |
| भाषा | २१ | ९ | ३० | ७० | |
| विषयवस्तुको क्रम | ७ | २३ | ३० | २३.३३ | |
| समापन | ७ | २३ | ३० | २३.३३ | |

स्रोत : लेखन परीक्षण

श्री कर्णाली मा. वि. जुम्लाका विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखनमा विषयवस्तुको प्रस्तुतिको अध्ययन यसका एकाइमा आधारित भएर गर्दा माध्यमिक तह कक्षा १० का विद्यार्थीहरुले निमन्त्रणा के को हो स्पष्ट रुपमा लेख्न सकेका छैनन । कसलाइ लेखिएको हो खुलाएका छैनन् ।

केही विद्यार्थीहरुको लेखाइ यस्तो समेत रहेको छः जसरी भएपनि छोरी छोरालाई आशिर्वाद दिन र खाना खान आउनु होला भनेर समेत लेखेका छन् । विषवस्तुको क्रम समेत मिलाएर लेख्न सक्ने विद्यार्थीहरु समेत कम मात्रामा छन् । विषयवस्तुको प्रस्तुतिमा केन्द्रित भएर लेख्नसक्ने क्षमता भएका विद्यार्थीहरु ४४.६६ प्रतिशत मात्र रहेका छन् ।

**व्याकरणिक तत्व**

लेखनमा व्याकरणिक तत्वको मेल अनिवार्य हुन्छ । निमन्त्रणा पत्रको लेखनमा शब्दचयन, वर्णविन्यास, सङ्गति, वाक्यगठन र अनुच्छेदगठनको उचित मेल हुनुपर्दछ ।

तालिका ३ व्याकरणिक तत्वका आधारमा निमन्त्रणा पत्र लेखन क्षमता

| व्याकरणिक तत्वगत एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्दभण्डार | १६ | १४ | ३० | ५३.३३ | |
| वर्णविन्यास | १४ | १६ | ३० | ४६.६६ | |
| सङ्गति | १३ | १७ | ३० | ४३.३३ | |
| वाक्यगठन | १२ | १८ | ३० | ४० | |
| अनुच्छेगठन | १२ | १८ | ३० | ४० | |

श्री कर्णाली मा. वि. जुम्लाका विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखनमा व्याकरणिक तत्वका आधारमा लेखन क्षमता भएका विद्यार्थीहरु ४४.६६ प्रतिशत रहेका छन् । शब्दभण्डारमा कमजोर रहेका छन् । निमन्त्रणा पत्र लेखनमा प्रयोग हुने शब्दको अभाव रहेको छ । वर्णविन्यासगत त्रुटि समेत यथेष्ट मात्रामा रहेको छ । सङ्गति र वाक्यगठनमा समेत कमजोर छन्: हाम्रा सुपुत्र सुपुत्रीलाई आशिर्वाद दिनहुन हार्दिक अनुरोध गर्दछु, हार्दिक निमन्त्रणा पत्र व्यक्त गर्दछु, विवाह यही महिनाको १८ गते हुने भएका यहाँ हार्दिक स्वागत गर्दछु जस्तो प्रयोग भएको पाइन्छ ।

**लेखन क्षमता**

आफ्नो दाजुको विवाहको लागि आफन्तलाई निमन्त्रणा गर्नका लागि विवाहको निमन्त्रणा पत्र लेखनको प्रश्नावली दिएकोमा श्री चन्दननाथ मा. वि. खलङ्गाका माध्यमिक तह कक्षा १० का

विद्यार्थीहरुको निमन्त्रणा लेखनको आन्तरिक संरचना, विषयवस्तुको प्रस्तुति र व्याकरणिक तत्वगत क्षमताको अध्ययन यसप्रकार छ ।

**आन्तरिक संरचना**

निमन्त्रणा पत्र लेखनको आन्तरिक संरचनामा मिति, विषय, सम्बोधन, संरचना र शैलीको अध्ययन गरिएको छ। कुन मितिका लागि कुन विषयमा कसलाई कसरी निमन्त्रणा गरिएको छ भन्ने कुराको पूर्ण विवरण निमन्त्रणा पत्रमा हुनुपर्छ।

तालिका ४ आन्तरिक संरचनाका आधारमा लेखन क्षमता

| आन्तरिक संरचनात्मक एकाइ | सही गर्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| मिति | २६ | ४ | ३० | ८६.६६ | |
| विषय | २७ | ३ | ३० | ९० | |
| सम्बोधन | ४ | २६ | ३० | १३.३३ | |
| संरचना | ९ | २१ | ३० | ३० | |
| शैली | ९ | २१ | ३० | ३० | |

स्रोत : लेखन परीक्षण

श्री चन्दननाथ मा. वि. का कक्षा १० का विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखनमा आन्तरिक संरचनालाई अध्ययन गर्दा केही विद्यार्थीहरुले विवाहको मिति कहिले हो नलेखेका एवम् कतिले कुन विषयका लागि निम्ता गरिएको हो सो समेत उल्लेख नगरेर भावनात्मक अभिव्यक्ति मात्र उल्लेख गरेका छन्। निमन्त्रणा कसलाई गरिएको हो सम्बोधन गरिनु पर्दछ। श्री भरत कठायत ज्यू, श्री रामलाल कठायत ज्यू भनेर सम्बोधन सहितको लेखन गर्ने विद्यार्थीको संख्या कम मात्रामा रहेको छ। निमन्त्रणा पत्रको संरचनामा नै धेरै विद्यार्थीहरु अर्थात् ७० प्रतिशत जति अलमलिएका छन्। वैवाहिक कार्यक्रम नै नराखेर केटापक्ष केटीपक्ष भनेर मात्र उल्लेख गरेका छन् भने आमन्त्रणको शैलीमा समेत विद्यार्थीहरु कमजो छन्। यदी तपाइ नआएमा हाम्रो दाजुको लाज हुनेछ, सम्पूर्ण चिने जानेका आफन्त गोतालाई घरमा आउनका लागि अनुरोध गर्दछु।

## विषयवस्तुको प्रस्तुति

निमन्त्रणा लेखनमा विषयवस्तुको प्रस्तुति महत्वपूर्ण हुने गर्दछ । सन्देश, प्रस्तुति, आदर, विषयवस्तुको क्रम, समापनको यथोचित मेल हुनुपर्दछ ।

तालिका ५ विषयवस्तु प्रस्तुतिका आधारमा लेखन क्षमता

| विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| सन्देश | २६ | ४ | ३० | ८६.६६ | |
| प्रस्तुति | ६ | २४ | ३० | २० | |
| भाषा | २५ | ५ | ३० | ८३.३३ | |
| विषयवस्तुको क्रम | ६ | २४ | ३० | २० | |
| समापन | ६ | २४ | ३० | २० | |

स्रोत : लेखन परीक्षण

निमन्त्रणा पत्र लेखनमा विषयवस्तुगत प्रस्तुति अन्तर्गत पूर्ण सन्देश अभावको लेखन छ भने प्रस्तुतिगत कमजोरी समेत यथेष्ट छ । आज गराइने विहेमा सहभागि भइदिन हुन हार्दिक अनुरोध गर्दछु । यो आयुष रमेश आचार्य र सपना उपाध्यायको साथ शुभ विवाह सुसम्पन्न होस् जस्तो अभिव्यक्तिगत प्रस्तुति एवम् वैवाहिक कार्यक्रमको रुपरेखा विहिन प्रस्तुतिको लेखन गर्ने विद्यार्थीहरुको संख्या बढी नै छ । प्रार्थी सहितको लेखनमा समापन गर्ने विद्यार्थीहरुको संख्या समेत ३० प्रतिशत मात्र रहेको छ । अन्य विद्यार्थीहरुले मनगढन्ते लेखाइबाट निमन्त्रणाको समापन गरेका छन् । यसरी विषयवस्तुको प्रस्तुतिगत लेखन क्षमता भएका विद्यार्थीहरु औसतमा ४६ प्रतिशत छन् भने लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु ५४ प्रतिशत छन् ।

**व्याकरणिक तत्व**

लेखनमा व्याकरणिक तत्व अनिवार्य हुने गर्दछ । उचित शब्दभण्डार, वर्णविन्यास, सङगति, वाक्यगठन एवम् अनुच्छेद गठनको प्रयोग गरिएको खण्डमा लिखित अभिव्यक्ति प्रभावकारी हुनेगर्दछ । निमन्त्रणा पत्रको लेखनमा यिनै कुराहरुको उचित संयोजन गरिनु आवश्यक हुन्छ ।

तालिका ६ व्याकरणिक तत्वका आधारमा लेखन क्षमता

| व्याकरणिक तत्वगत एकाइ | सही लेख्ने विद्यार्थी संख्या | त्रुटि गर्ने विद्यार्थी संख्या | जम्मा विद्यार्थी संख्या | लेखन क्षमता भएका विद्यार्थीहरु प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| शब्दभण्डार | १३ | १७ | ३० | ४३.३३ | |
| वर्णविन्यास | १२ | १८ | ३० | ४० | |
| सङ्गति | १५ | १५ | ३० | ५० | |
| वाक्यगठन | १४ | १६ | ३० | ४६.६६ | |
| अनुच्छेद गठन | १४ | १६ | ३० | ४६.६६ | |

स्रोत : लेखन परीक्षण

श्री चन्दननाथ मा. वि. खलङ्गा, जुम्लाका कक्षा १० का विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखनमा व्याकरणिक तत्वको क्षमता परीक्षण गर्दा अधिकांश विद्यार्थीहरुले कथ्य भाषामा प्रयोग हुने शब्दावली प्रयोग गरेका छन् । जस्तै : निमन्त्रणा, जिमन, वैवाहित, दशलिभीहरु जस्ता शब्दको प्रयोग गरेका छन् । वर्णविन्यासमा समेत कमजोर नै छन् । विवाहामा, धन्यवाद, निमन्त्रण, गदछु गदै जस्ता त्रुटिहरु गरेका छन् । श्री विमल भण्डारीको विवाह अलीसा थापामा हुन गइरहेको विवाहमा विमल भण्डारीलाई उनुको विवाहमा दिएको मनकामना समस्त भण्डारी परिवार, जुम्ला जस्ता सङ्गतिगत त्रुटि गरेका छन् भने वाक्यगठनमा समेत ५० प्रतिशत भन्दा बढी विद्यार्थीहरु कमजोर छन् हुन गइरहेको शुभविवाहमा तपाइलाई हार्दिक स्वगत निमन्त्रण गर्दछ । शुभविवाहमा सम्पूर्ण नातेदारहरुलाई यो निमन्त्रणा पत्र पेश गर्दछु । आज मिती २०७६।०८।१६ गते हुनगइरहेको विवाहमा साथी नविन तिमिलाई हाम्रो निमन्त्रण तपसिलको मिति अनुसार उपलब्ध भइदिनु होला ।

## लेखन क्षमता

महत्वपुर्ण कार्यमा आफन्तजन, प्रियजनलाई निमन्त्रणा गर्नका लागी लेखिने पत्र निमन्त्रण पत्र हो । आफ्नो दाजुको विवाहमा आफन्तलाई आमन्त्रण गर्न तयार पार्न लगाईएको निमन्त्रणा पत्र लेखनलाई यसको आन्तरिक संरचना ,विषयवस्तुको प्रस्तुति र व्याकरणिय तत्वका आधारमा अध्ययन गरिएको छ । श्री जनता मा.वि. महतगाँउ ,जुम्लाका माध्यामिक तह कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमताको अध्ययन मा निमन्त्रण पत्र लेखनको अध्ययन गर्दा उनीहरु को लेखन क्षमतालाई यस प्रकार अध्ययन गरिएको छ ।

## आन्तरिक संरचना

निमन्त्रण पत्र लेकनका केही आन्तरिक संरचना हुने गर्दछन । मिति सम्बोधन ,विषय संरचना र शैली यस अर्न्तगत पर्दछन निमन्त्रणा पत्र लेखनका सनर्दभमा श्री जनता मा.वि. महतगाँउ,जुम्लाका विद्यार्थीहरुको आन्तरिक संरचनात्मक आधारमा रहेको लेखन क्षमता यस प्रकारको छ :

तालिका ७ आन्तरिक संरचनाका आधारमा लेखन क्षमता

| | आन्तरिक संरचनात्मक एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | मिति | १० | १५ | २५ | ४०% | |
| | सम्बोधन | ३ | २२ | २५ | १२% | |
| | विषय | १४ | ११ | २५ | ५६% | |
| | संरचना | ६ | १९ | २५ | २४% | |
| | शैली | ७ | १८ | २५ | २८% | |
| | | | | | | |

स्रोतः लेखन परीक्षण

श्री जनता मा.वि.का विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखनमा रहेको आन्तरिक संरचनाको अध्ययन गर्दा मिति लेखनमा केही विद्यार्थीहरुले छोडेका कुन मितिमा हुने विवाह हो उल्लेख नै नभएको

लेखेका मध्य केहीले अंग्रेजी अंकमा लेखेका छन । कसलाई निमान्त्रण गरिरहेको हो उल्लेख नभएको धेरैनै संख्यामा छ । विवाहमा हजुरहरु हाम्रो गाँउमा तथा घर वा विवाह मण्डपमा उपस्थित हुन भनि हजुरलाई यो पत्र पठायको छु भन्ने जस्तो शैी प्रयोग भएको छ । निमन्त्रणा पत्र लेखेको आन्तरिक संरचनामा आधारित भएर निमन्त्रणा पत्र लेख्न सक्ने क्षमता भएका विद्यार्थीहरु औसतमा ३२ % छन भने आन्तरिक संरचनात्मक आधारमा लेखन क्षमता कमजोर भएका विद्यार्थीहरु औसतमा ६८% रहेका छन ।

**विषयवस्तुको प्रस्तुति**

निमन्त्रणा पत्र लेखनमा विषयवस्तुको प्रस्तुति अन्र्तगत सन्देश प्रस्तुति , भाषा विषयवस्तुको क्रम र समापन पक्षमा आधारित भएर अभ्ययन गर्दा श्री जनता मा. वि.का विद्यार्थीहरुको निमन्त्रणा पत्र लेखनमा विषयवस्तुको प्रस्तुतीगत क्षमता यस प्रकारको छ ।

तालिका ८ विषय वस्तुको प्रस्तुतिका आधारमा

| | विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | सन्देश | ११ | १४ | २५ | ४४% | |
| | प्रस्तुति | ७ | १८ | २५ | २८% | |
| | भाषा | ८ | १७ | २५ | ३२% | |
| | विषयवस्तुको क्रम समापन | ६ | १९ | २५ | २४% | |
| | | ६ | १९ | २५ | २४% | |
| | समापन | ३८ | १७.४ | | | |
| | | | | | | |

स्रोतः लेखन परीक्षण

श्री जनता मा.वि.का माध्यामिक तह कक्षा १० का विद्यार्थीहरुको ब्यावहारिक लेखन लेखन क्षमताको अध्ययनका निमन्त्रणापत्र लेखन अन्र्तगत विषयवस्तुको प्रस्तुतिगत अध्ययन गर्दा यसका

निश्चित एक आधारित हँदा विवाहको सन्देश,आमन्त्रणको सन्देश हुनुपर्नेमा सुपुत्र सुपुत्रीको नाम मात्र लेखेर विद्यार्थीहरुले अन्त्य गरेका छन् । यसरी निमन्त्रणा पत्र लेखनको विषयवस्तुको प्रस्तुतिका आधारमा लेखन क्षमता भएका विद्यार्थीहरु औसतमा ३०.४% मात्र छन भने विषयवस्तुको प्रस्तुतिका आधारमा लेखन क्षमता कमजोर भउका विद्यार्थीहरु औसतमा ६९.६% रहेका छन ।

**व्याकरणिक तत्व**

लेखनमा ब्याकरणिक तत्वको महतवपुर्ण भुमिका हुन्छ । शब्दभण्डार, वर्णविन्यास सङ्गति , वाक्यगठन , अनुच्छेगठनले अभिब्यक्ति संगठित हुने गर्दछ ।

तालिका ९ व्याकरणिक तत्वका आधारमा लेखन क्षमता

| विद्यालय | ब्यकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|
| | शब्दभण्डार | ९ | १६ | २५ | ३६% | |
| | संङ्गगति | ७ | १८ | २५ | २८% | |
| | संङगति | ९ | १६ | २५ | ४४% | |
| | वाक्यगठन | ८ | १७ | २५ | ४०% | |
| | अनुच्छेदगठन | ८ | १७ | २५ | ४४% | |
| | | | | | | |

स्रोतः लेखन परीक्षण

निमन्त्रणा पत्र लेखनमा शब्द भण्डारका आधारमा कमजोर नै रहेका छन् । दुलही ,दुल्हा ,विमा जस्ता उच्चायगित जुम्लीा भाषाकै शब्द प्रयोग केही विद्यार्थीले गरेका छन ्। अफ, आशिरवाद ,आयर, निमन्त्रण वर वदुलाई जस्ता वर्णविन्यासगत त्रुटि समेत गरेका छन् । संङ्गति र वाक्यगठनका क्षेत्रमा समेत त्रुटि रहेको छ ।

**लेखन क्षमता**

निमन्त्रणा पत्र लेखनलाई आन्तरिक संरचना विषयवस्तुको प्रस्तुति र ब्याकरणिक तत्वका आधारमा लेखन क्षमताको अध्ययन गर्दा श्री भैरव मा. वि. धुपीढुस्का , जुम्लाका माध्यामिक तह कक्षा १० अध्ययनरत विद्यार्थीहरुको लेखन क्षमता यसप्रकार छ ।

**आन्तरिक संरचना**

आकर्षक एवम् प्रभावकारी निमन्त्रणा पत्र लेखनका लागी आन्तरिक रुपमा आवश्यक पर्ने कुराहरु आन्तरिक संरचना अर्न्तगत पर्दछन् :

तालिका १० आन्तरिक संरचनाका आधारमा लेखन क्षमता

| | आन्तरिक संरचनात्मक एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | निमन्त्रणा पत्र नलेख्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | मिति | ७ | १० | ८ | २५ | २८% | |
| | सम्बोधन | ३ | १४ | ” | २५ | १२% | |
| | विषय | ७ | १० | ” | २५ | २८% | |
| | संरचना | ३ | १४ | ” | २५ | १२% | |
| | शैली | ४ | १३ | ” | २५ | १६% | |
| | | | | | | | |

स्रोत : लेखन परीक्षण

आफ्नो दाजुको विवाहका लागि आफन्तजनलाई विवाहका निमन्त्रणा दिने सिलसिलामा कुन मितिमा विवाह कार्य क्रम हो उल्लेख नगरेर लेख्ने विद्यार्थीहरु रहेका छन ्‌ भने कसलाई निमन्त्रणा हो जन्मदिनको शुभकामना पुजा हो के हो उल्लेख नगरेर भावनत्‌ात्मक लेखाई समेत विद्यार्थीहरुले लेखेका छन । विवाहको निमन्त्रणाको संरचामा आधारित भएर लेख्ने विद्यार्थी संख्या समेत थोरै रहेको छ । कसलाई निमन्त्रणा हो सम्बोधन , निमन्त्रणा पत्र, कायृक्रम सहित आमन्त्रण, विवाह कार्यक्रम , दर्शनाअभिलाषी , प्राथी जस्तो संरचना लेखिनु पर्नेमा यी सबैकुरा समेटेर लेखर अधिकांश विद्यार्थीहरुले वेहुलापक्ष वेहुली पक्ष भन्दै तिनका नातेदारको नाम मात्र लेखेका छन् केहीले कुनै पक्ष त केहीले कुनै पक्ष छुटाएर लेखेका छन ।

**विषयवस्तुको प्रस्तुति**

निमन्त्रणा पत्रको लेखनमा विषयवस्तुको प्रस्तसति अर्न्तगत सन्देश , प्रस्तसति , भाषा , विषयवस्तुको कम समापन समेटेको लेखाइको आधारलाई अध्ययन गरिएको छ ।

तालिका ११ विषयवस्तुको प्रस्तुतिका आधारमा

| | विषयवस्तुको प्रस्तुतिगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | निमन्त्रणा पत्र नलेख्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | सन्देश | ७ | १० | ८ | २५ | २८% | |
| | प्रस्तुति | ३ | १४ | " | २५ | १२% | |
| | भषा | ३ | १० | " | २५ | १२% | |
| | विषयवस्तुको कम | २ | १५ | " | २५ | ८% | |
| | समापन | ३ | १४ | " | २५ | १२% | |
| | | | | | | | |

स्रोत : लेखन परीक्षण

चिठ्ठीको पस्तुति परिचयात्मक प्स्तुति रहेको छ । निमन्त्रणात्मक प्रस्तुति छैन । विवाह हने डिल्ली भण्डारी र तारा साउँद यस शुभ विवाहमा यहाँलाई हार्दिक स्वागत गर्दछ यहाँ यस विवाहमा आएर वर वदुलाई आर्शिवाद दिनु हुनछ भनि आशा राख्याछ । जस्तो भाषाको प्रयोग छ भने विषयवस्तुको कम मिलाएर लेखने क्षमता कम विद्यार्थीहरुमा मात्र छ । यस विवाहमा सबै जनालाई चुला निम्तो छ जस्तो अभिब्यक्ति बाटै लेखाइको समापन समेत भएका विद्यार्थीहरु औसतमा १४.४% प्रतिशत रहेका छन् भने विषयवस्तुको प्रस्तुतिगत लेखन क्षमता कमजोर भएका विद्यथार्हिरुको संख्या औसतमा ८५.६% प्रतिशत रहेको छ ।

**ब्याकरणिक तत्व**

लेखनमा ब्याकरणिक तत्वले प्रभाव पार्छ । निमन्त्रणा पत्र लेखनमा शब्द भण्डार अर्थात शब्दको प्रयोग वर्ण विन्यास संङ्गति , वाक्यगठन र अनुच्छेदगठन केन्द्रित भएर ब्याकरणिक तत्वको अध्ययन गरिएको छ ।

तालिका १२ व्याकरणिक तत्वका आधारमा लेखन क्षमता

| | व्याकरणिक तत्वगत एकाइ | सही लेख्ने वि.संख्या | त्रुटि गर्ने वि.संख्या | निमन्त्रणा पत्र नलेख्ने वि.संख्या | जम्मा वि.संख्या | लेखन क्षमता भएका वि.प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | सन्देश | ४ | १३ | ८ | २५ | १६% | |
| | प्रस्तुति | ३ | १४ | ” | २५ | १२% | |
| | भषा | ३ | १४ | ” | २५ | १२% | |
| | विषयवस्तुको कम | ३ | १४ | ” | २५ | १२% | |
| | समापन | ३ | १४ | ” | २५ | १२% | |
| | | | | | | | |

स्रोत : लेखन परिक्षण

श्री भैरव मा.वि. का विद्यार्थीहरुमा शब्दभण्डार अर्थात , शब्द प्रयोग गत क्षमता कमजोर रहेका छ । वेहुलापट्टी विवाह काड जस्तो शब्दको प्रयोग गरेका छन् । गदछु , अनुच्छेद , भयकाले भयकोछ विवाह । जस्तो वर्णविन्यासगत त्रुटि गरेका छन ् । सङ्गतिगत कमजोरी पनि यथेष्ट मात्रामा छ । जस्तै : यस विवाहमा आएर वर वदुलाई आई आर्शिवाद दिनु हुन्छ आश राख्यो छ । कक्षा १० मा अध्ययनरत विद्यार्थीको वाक्यगठनमा समेत कमजोरी रहेको छ । दाजु हजुरले पनि भाउजु घरमा भित्राउनु भएका रहेछ । हजुरको विवाह शैशाख १८ गतेका दिनमा हुने रहेको छ । त्यही वेलामा नआएर हजुरलाई शुभ विवाह दाजु भनेर हजुरलाई धन्येवाद छ । जस्ता वाक्यागठन एवम् यही वर्ष २५ गतेका दिन विवाहा हुने भएकाले चेप्ट्या थापालाई हार्दिक अनुरोद गदछु मात्र लेखेर निमन्त्रणाको लिखित अनुच्छेद गठन गरेका छन् । यसरी निमन्त्रणा पत्र लेखनमा व्याकरणिक तत्वगत लेखन क्षमता भएका विद्यार्थीहरुको संख्या औसतमा १२.८% प्रतिशत रहेको छ भने व्याकरणिक तत्वगत आधारम लेखन क्षमता कमजोर भएका विद्यार्थीहरुको संख्या ८७.२% प्रतिशत रहेको छ ।

**निष्कर्ष**

निमन्त्रणा पत्र लेखन व्यावहारिक लेखन हो । निमन्त्रणा पत्र लेखनको परीक्षण गर्दा श्री कर्णाली मा. वि. का ४३.७७% विद्यार्थीहरु निमन्त्रणा पत्र लेखन क्षमता भएका छन् भने ५६.२३ % विद्यार्थीहरु निमन्त्रणा पत्र लेखन क्षमता कमजोर रहेका छन् । परीक्षण गरिएका जम्मा विद्याथीहरु मध्ये श्री चन्दननाथ मा. वि.का ४७.१२% विद्यार्थीहरु लेखन क्षमता भएका छन भने ५२.८८% विद्यार्थीहरु निमन्त्रणा पत्र लेखनमा कमजोर रहेका छन श्री जनता मा.वि. का ३१.७३% विद्यार्थीहरु निमन्त्रणा पत्र लेखन क्षमता भएका छन् भने ६८.२७% विद्यार्थीहरु निमन्त्रणा पत्र लेखनम कमजोर रहेका छन् । श्री भैरव मा. वि. का जम्मा विद्यार्थीहरु मध्ये १५.४७% विद्यार्थीहरुमा मात्र निमन्त्रणा पत्र लेखन क्षमता रहेको छ भने ८४.५३% विद्यार्थीहरुमा निमन्त्रणा पत्र लेखन क्षमता कमजोर रहेको छ । माध्यामिक तह कक्षा १० का विद्यार्थीहरुको ब्यावहारिक लेखन क्षमता परीक्षण गर्दा श्री कर्णाली मा.वि.का ५१.८९% प्रतिशत विद्याथीहरुमा ब्यावहारिक लेखन क्षमता कमजोर रहेको छ । श्री चन्दननाथ मा. वि.का ५६.९३ विद्यार्थीहरुमा ब्यावहारिक लेखन क्षमता छ भने ४३.०७% विद्यार्थीहरुमा ब्यवहारिक लेखन क्षमता कमजोर रहेको छ । श्री जनता मा. वि. का ४०.९% विद्यार्थीहरुमा ब्यवहारिक लेखन क्षमता रहेको छ भने ५९.१ % विद्यार्थीहरुमा ब्याहारिक लेखन क्षमता कमजोर रहेको छ । यो अनुसन्धानात्मक लेख हो ।

साना अनुसन्धानसँग (SRDIG) सम्बन्धित *माध्यमिक तहका विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमता* शीर्षकमा रहेर विश्वविद्यालय अनुदान आयोगको अनुदानमा सम्पन्न अनुसन्धानबाट यो लेख तयार पारिएको हो । अनुसन्धानमा सहयोग प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग सानोठिमी भक्तपुरप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्री

अधिकारी , हेमाङ्गराज र शर्मा , केदारप्रसाद (२०६४), *प्रारम्भिक नेपाली* : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, ओमप्रकाश ( २०७८), *माध्यमिक तहका विद्यार्थीहरुको व्यावहारिक लेखन क्षमता,* : विश्वविद्यालय अनुदान आयोग ।

ओझा , रामनाथ ( २०७५ ) , *व्यावहारिक लेखन तथा सम्पादन* : करुधरा पब्लिकेसन प्रा.लि. ।

खनाल , श्रीराम ( २०६९ ) , *विज्ञापन , जनसम्पर्क र मिडियाका मुद्दाहरु* , विद्यार्थी पुस्तक भण्डार ।

ढुङ्गेल , भाजराज र दाहाल , दुर्गाप्रसाद ( २०६७ ) , *नेपाली भाषा शिक्षण* , एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

भण्डारी , पारसमणि ( २०७४ ) , *प्राज्ञिक लेखन तथा सम्पादन* , विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी , लक्ष्मी ( २०६९ ) *तनहुँ जिल्ला कक्षा आठ पुरा गरेका विद्यार्थीहरुको निवेदन लेखन क्षमताको अध्ययन* , त्रि. वि., नेपाली भाषा शिक्षा विभाग ।

लम्साल , रामचन्द्र र अन्य ( २०६२ ) , *नेपाली भाषा शिक्षण* , विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने , यादवप्रकाश ( २०५७ ) , *नेपाली भाषा शिक्षण परिचय ,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा , केदारप्रसाद र अन्य ( २०६५ ) , *अनिवार्य नेपाली* , अस्मिता पब्लिकेसन पा. लि. ।

शर्मा , मोहनराज र लुइटेल , खगेन्द्रप्रसाद ( २०६२ ) , *शोधविधि* , साझा प्रकाशन ।

Best, j. w. and kahn, j. v. (1999). *Research in Education* (7th ed.). New Delhi: Prentice Hall of India.